नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ,बिरेन्द्रनगर, सुर्खेत

## करार सेवामा कृषि प्राविधिक (ना.प्रा.स./ना.प.से.प्रा.) हरुको पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति:२०८१/०८/२८**

लोक सेवा आयोगको केन्द्रीय कार्यालय र प्रदेश लोकसेवा आयोगहरुले नेपाल कृषि सेवाका राजपत्र अनंकित द्धितीय श्रेणीका ना.प्रा.स.र ना.प.से.प्रा. पद वा सो सरहका पदमा स्थायी पदपूर्तिका लागि लिएका परीक्षाबाट सिफारिस गर्ने क्रममा वैकल्पिक तथा अस्थायी योग्यताक्रम सूचीमा रहेका उम्मेदवारहरुले यस परियोजना अन्तरगत करार सेवामा काम गर्न इच्छुक भएमा यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र परियोजना कार्यान्वयन एकाइ सुर्खेतमा निवेदन पेश गर्नहुन सम्वन्धित सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । सेवा सुविधा तथा अन्य विवरण परियोजना कार्यान्वयन एकाइ सुर्खेतको वेवसाइट https://piusurkhet.pmamp.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

नि.वरिष्ठ कृषि अधिकृत

CamScanner

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, सुर्खेत

सेवा, सुविधा तथा कार्यक्षेत्र

१. सेवा सुविधा: तलब सुविधा नेपाल सरकारले तोकेबमोजिम रा.प.अन. द्धितीय श्रेणी वा सो सरह हुनेछ र विदा लगायत अन्य सुविधाहरु सम्झौता अनुसार हुनेछ।

२. कार्यक्षेत्र: जोन प्राविधिक एकाइ दूल्लु, दैलेख मातहतका जोन क्षेत्र भित्र यस कार्यालयले तोके बमोजिम।

३. सेवा अवधि:स्वीकृत स्थायी/करार दरवन्दीमा नेपाल सरकारको स्थायी कर्मचारी पदस्थापन वा सरुवा भई नआएमा २०८२ असार मसान्तसम्म सेवा अवधि हुने र कर्मचारीको कार्यासम्पादन सन्तोपजनक भएमा आवश्यकता बमोजिम स्वीकृत बजेटको परिधिभित्र रही करार अवधि थप गर्दै लगिनेछ।

४. उम्मेदवारहरु सम्पर्कमा आउँदा लोकसेवा आयोग केन्द्रिय कार्यालय/प्रदेश लोकसेवा आयोगहरुको वैकल्पिक तथा अस्थायी योग्यताक्रम र प्रवेशपत्रको छायाँप्रति समेत संलग्न गरी निवेदन पेश गर्नु पर्नेछ।

५. निवेदक उम्मेदवारहरुको कुनै शर्त सहितको सम्झौता स्वीकार गरिनेछैन र कुनै निवेदक उम्मेदवारहरुलाई सम्झौता गर्ने नगर्ने अधिकार कार्यालयले निर्णय गर्नेछ।

थप जानकारीको लागि
फोन नं. ०८३-५२५३२४
इमेल ठेगाना pmamp.piu.surkhet@gmail.com

२०८१-०८-२८
नि. वरिष्ठ कृषि अधिकृत